बैठक मितिः २०८०/०४/१०

बैठक सङ्ख्याः ३२

छलफल तथा निर्णयः

१. सोह्रौ योजनाको अवधारणापत्रको मस्यौदामा आयोगको छलफलमा उठेका विषयहरू समेत समावेश गरी निर्देशक समितिमा प्रस्तुत गर्ने।

२. सोह्रौ योजना तर्जुमा कार्यविधि, २०७९ मा देहायको संशोधन गर्नेः

| दफा | हालको व्यवस्था | संशोधन | कारण |
|---|---|---|---|
| कार्यविधिको दफा ३ उपदफा (७) | दफा ३ को उपदाफा (६) बमोजिम सिफारिस भई आएको अवधारणापत्र आयोगबाट स्वीकृति हुने र ..... | दफा ३ को उपदाफा (६) बमोजिम सिफारिस भई आएको अवधारणापत्र आयोगको **पूर्ण बैठकबाट** स्वीकृति हुने र .......... | पूर्ण बैठकबाट स्वीकृत गर्न आवश्यक देखिएको। |
| समयतालिकाको क्र. सं. ५ | क्रियाकलापः<br>सोह्रौं योजनाको अवधारणापत्र निर्देशक समितिबाट सुझाव सहित स्वीकृति।<br>समय सीमाः साउन पहिलो हप्ता | क्रियाकलापः<br>• सोह्रौं योजनाको अवधारणापत्र निर्देशक समितिबाट सुझाव सहित आयोगको पूर्ण बैठकमा पेश गर्न सिफारिस ।<br>• आयोगको पूर्ण बैठकबाट अवधारणापत्र स्वीकृत ।<br>समय सीमाः साउन दोस्रो हप्ता | निर्देशक समितिले सिफारिस गर्न र आयोगको पूर्ण बैठकले स्वीकृत गर्न उपयुक्त हुने देखिएको; साथै सोही अनुरूप समयतालिका मिलान गर्न आवश्यक रहेको । |

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सिफारिश भै आएको पाल्पा जिल्लास्थित भुसाल डाँडा ढल तथा फोहोर पानी प्रशोधन तथा व्यवस्थापन आयोजनालाई राष्ट्रिय प्राथमिताप्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७९ को दफा ४ अनुसार राष्ट्रिय प्राथमिताप्राप्त आयोजना निर्धारण गर्ने।